Fax: 977-1-4422099
E-mail: necgov@ntc.net.np

P.O.Box: 2049, Kathmandu
Tel: 4420656

नेपाल इन्जिनियरिङ्ग परिषद्

(नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ द्वारा स्थापित)

Nepal Engineering Council

(Estd. Under NEC Act 2055)

पत्र संख्याः ११४(क)०७८।७९ च.नं. २४८

मिति :- २०७८/०९/१४

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
श्री उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
श्री रक्षा मन्त्रालय
श्री सहरी विकास मन्त्रालय
श्री खानेपानी मन्त्रालय
श्री संचार तथा सूचना प्रविधि मन्त्रालय
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
श्री उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय
श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डययन मन्त्रालय
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
श्री वन तथा वातावरण मन्त्रालय

विषय :- पेशाजन्य स्वास्थ्य र व्यक्तिगत सुरक्षानीति, २०७७ कार्यान्वयनका लागि पुनः पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयमा सोलुखुम्बु जिल्लामा निर्माणधिन ८६ मेगावाट क्षमताको सोलु खोला दुधकोशी जलविद्युत् आयोजनाको पाइप लाइनमा पानीको प्रेसर परिक्षण गर्ने क्रममा पाइप विस्फोट हुँदा दुई जना इन्जिनियरको दुःखद निधन भएको घटनाले राज्यलाई पुनः गम्भिर बनाएको छ । आवश्यक सावधानी, सुरक्षा नीति र मापदण्डहरु पूर्ण पालना नगरी गरिने कार्यले गर्दा यस्ता घटनाहरुमा गम्भिर क्षति हुने गरेको पाइन्छ । परिषद्ले मिति २०७७/०५/२६ गते "पेशाजन्य स्वास्थ्य र व्यक्तिगत सुरक्षा नीति, २०७७ पारित गरी मिति २०७७/०६/०८ को पत्र संख्या ११४(क)/०७७/७८ चलानी नं. ६० मार्फत विभिन्न मन्त्रालयमा परिपत्र गरिएकोमा जीउ ज्यानको रक्षा गर्ने राज्यको दायित्वलाई परिपालना गर्न सम्पूर्ण आयोजना र परियोजनाहरुमा पेशाजन्य स्वास्थ्य र व्यक्तिगत सुरक्षा नीति २०७७ पूर्ण कार्यान्वयनको लागि आवश्यक कदम अवलम्बन गर्न उक्त नीति पुनः यसै साथ संलग्न गरी पठाइएको व्यहोरा सादर अनुरोध छ ।

संलग्न :

पेशाजन्य स्वास्थ्य र व्यक्तिगत सुरक्षानीति, २०७७ (Occupational Health and Safety Policy, 2077)

इ.शिव मंगल गिरी
रजिष्ट्रार
(ने.इ.प. नं.२९७० सिभिल "क")

O/C

नेपाल इन्जिनियरिङ्ग परिषद्
परिषद्को बैठक नं. 266
मिति 2066/4/26 को निर्णय
नं. 2 बाट स्वीकृति भएको ।

नेपाल इन्जिनियरिङ्ग परिषद्

पेशाजन्य स्वास्थ्य र व्यक्तिगत सूरक्षानीति, २०७७

(Occupation Health and Safety Policy, 2077)

परिषद्बाट स्वीकृत मिति २०७७/०५/२६

नेपाल इन्जिनियरिङ्ग परिषद्

Nepal Engineering Council

नक्साल, भगवती मार्ग, काठमाण्डौं

फोन : ४४२०६५५, ४४२०६५६

Website : www.nec.gov.np

E-mail : necgov@ntc.net.np

पेशाजन्य स्वास्थ्य र व्यक्तिगत सुरक्षानीति, २०७७

(Occupational Health and Safety Policy, 2077)

१. पृष्ठभूमि :

स्वास्थ्य र व्यक्तिगत सुरक्षाको अवधारणा मानिसको सभ्यता र आर्थिक विकास तथा सामाजिकमूल्य र मान्यता सँग गाँसिएको हुन्छ । मानव सभ्यताको विकस सग सगै मानवजिवनको मूल्य बढ्दै गएकोले, मानवको व्यक्तिगत सुरक्षा र स्वास्थ्यको महत्व बढ्दै गयो । त्यसैगरी मानिसको जीवनस्तर र आर्थिक अवस्थासँग पनि यी कुराहरुले प्रत्यक्ष रुपमा सम्बन्ध राख्दछन् । वर्तमान परिप्रेक्षमा, विकसित मुलुकहरुमा, जहाँ आर्थिक अवस्था राम्रो छ, मानवीय स्वास्थ्य र जिवनलाई धेरै महत्व दिएको देखिन्छ र प्राथमिकतामा पर्दछ, त्यही अविकसित र पिछडिएको मुलूकहरुमा जहाँ आर्थिक अवस्था राम्रो छैन यी कुराहरु प्राथमिकतामा पर्दैनन् र धेरै महत्व राख्दैनन् पनि ।

हामी जस्ता विकासोन्मुख मुलूकमा पनि आर्थिक रुपले सम्पन्न वर्गमा स्वास्थ्य र सुरक्षामा राम्ररी ध्यान पुऱ्याएको देखिन्छ भने विपन्न वर्गमा देखिदैन । जे भएपनि प्रत्येक नागरिकको स्वास्थ्य र ज्यानको सुरक्षाको सुनिश्चितता उसको हक हो र प्रदान गर्ने राज्यको दायित्व हो । त्यसैले नेपालको संविधान २०७२ मा यस सम्बन्धी मौलिक हकको व्यवस्था गरिएको छ ।

यस पृष्ठभूमिमा, नेपालमा इन्जिनियरिङ्ग व्यवसाय गर्दा/गराउँदा प्रयुक्त भई राखेका Occupational Health and Safety (OHS) सम्बन्धी अवस्थामा सुधार हुनका साथै जिउ ज्यानको सुरक्षाको अनुभूती तथा स्वास्थ्य र ज्यानको जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्यले यो पेशाजन्य स्वास्थय र व्यक्तिगत सुरक्षा नीति, २०७७ बनाई नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ को दफा ९ खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी यो Occupational Health and Safety (OHS) नीति जारी गरिएको छ ।

२. विद्यमान् अवस्था र प्रावधानहरु :

विभिन्न क्षेत्र मध्ये इन्जिनियरको संलग्नता रहने निर्माण व्यवसाय (Construction Industry), उद्योग, कलकारखाना तथा व्यवसायिक प्रतिष्ठानहरुमा दुर्घटना, चोटपटक र अंगभंग हुने घटना प्रत्येक वर्ष उच्च र बढ्दो क्रममा छ भन्ने कुरा अध्ययनले देखाएको छ । यो हुनुको कारणहरुमध्ये एउटा मूख्य कारण Occupational Health and Safety Management (OHSM) System को लागि अपर्याप्त बजेट व्यवस्थापनहो भने यसको Compliance सम्बन्धी निर्माण

व्यवसायीको approach पनि त्यत्तिकै भूमिका राखेको छ । OHSMS कार्यान्वयन गर्न/गराउनमा Cost Implication पनि सब भन्दा ठूलो Barrier को रुपमा रहेको छ । OHSM मा खर्चको कुरा गर्दा ०.१५% देखि १.०८% सम्म र औसतमा योजना मूल्यको ०.४१% जतिखर्च हुने भन्ने अध्ययनले देखाएको छ । त्यसै गरी मानिसहरुमा Cost Benefit Analysis बारे थरी थरीका अवधारणा पनि छन् । कति रकमको मूल्याङ्कनमा खर्चको तुलनामा लाभ धेरै गुण बढी छ भन्ने र कति रकमले लाभ भन्दा खर्च नै बढी हुने गर्छ भन्ने तथ्याङ्क आवश्यक छ । तर बहुसंख्यकले यसमा हुने खर्चको हिसाबले फाइदा धेरै बढी छ भनी मूल्याङ्कन गरेका छन् ।

OHS को अवस्थाबारे नेपालको स्थिती समिक्षा गर्दा अतिनै दयनीय देखिन्छ र त्यो पनि एशियाली मुलुकहरुको तुलनामा संतोषजनक छैन भने विकसित मुलूकको दाँजोमा त तुलनायोग्य नै छैन । जबकी विगत केही समय देखि यसमा क्रमिक सुधार भई राखेको छ ।

यस सम्बन्धी करार सम्झौतामा भएकाTOR का शर्तहरु फगत औपचारिकतामा सिमित छन् । अनुगमन, मूल्याङ्कन र कार्यान्वयनको अवस्था पनि भरपर्दो छैन र फितलो छ । Contract Documents का प्रावधानहरु अपर्याप्त छन् भने बजेट र रकमको व्यवस्थापन पनि पर्याप्त छैन । त्यसै गरी कार्यान्वयन स्तरमा प्रभावकारी बनाउन उत्प्रेरण जगाउने प्रकारका प्रावधानहरु छैनन् भने यस विषयमा शिक्षा, नागरिक सचेतना र तालिम आदिको व्यवस्था पनि न्यून छ ।

३. <u>विद्यमान ऐन/कानून/नियमावली/निर्देशिका</u>

क) नेपालको संविधान, २०७२

ख) श्रम ऐन, २०७४

ग) श्रम विनियमावली, २०७५

यसमा पेशाजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी रोजगार प्रदायकको पालना गर्नुपर्ने सुरक्षा सम्बन्धी नियम/कानून हरु उल्लेख गरिएका छन् । विशेष गरी उद्योग, कलकारखानाको हकमा ।

घ) ट्रेडयुनियन ऐन, २०४९ र नियमावली, २०५०

४. <u>लक्ष्य</u>

निर्माण कार्यसँग सम्बन्धित कार्यस्थलमा काम गर्दा जनशक्ति तथा इन्जिनियरहरुको व्यक्तिगत स्वास्थय तथा सुरक्षामा योगदान पुयाउने ।

५. नीतिहरु: माथि उल्लिखित लक्ष्य तथा कार्यहरुको उद्देश्य पुरा गर्न देहाय बमोजिमका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गरिनेछ ।

६. रणनीति तथा कार्य नीतिहरु

माथि खण्ड (२) माउल्लेख भएका नेपालमा OHS सम्बन्धी विद्यमान् अवस्था, यसका कमीकमजोरी र कानूनी प्रावधानहरुको आधारमा कार्य स्थल (Work Place) र निर्माण स्थल (Construction site) मा पेशाजन्य स्वास्थ्य र सुरक्षासँग जोडिएका जोखिम र दुर्घटना न्यूनीकरण र अवस्थामा सुधारको लागि नेपाल सरकारका सम्बन्धित निकायहरु आ-आफ्ना तवरबाट तीन तहमा (Three Layers) सकारात्मक हस्तक्षेप गर्ने र अवश्यकता अनुसार परिषद्ले लेखि पठाउने ।

क) पहिलो तह : शिक्षा (Education)

लक्षित समूह, पिडित व्यक्तिवा समूहलाई जबसम्म स्वास्थ्य र व्यक्तिगत सुरक्षाबाट हुने विभिन्न फाइदा बेफाइदाबारे पर्याप्त ज्ञान हुँदैन तबसम्म पिडितहरु सो सम्बन्धमा चनाखो हुँदैन । तसर्थ विभिन्न तहको शिक्षामा प्राथमिक शिक्षा देखि उच्च शिक्षा सम्म आवश्यक र सुहाउँदा/उपयुक्त course को व्यवस्था पाठ्यक्रममा समावेश हुनु पर्दछ । खास गरीकन प्राथमिक शिक्षामा यस सम्बन्धी पाठ्यक्रमको समावेश अनिवार्य रुपमा हुनुपर्छ ताकि बालबालिकाहरु मानसिक रुपमा भविष्यको लागि तयार होउन् ।

यो विषय Engineering सँग सम्बन्धित रहेकोले स्नातकतहको प्रत्येक Engineering संकायमा उपयुक्त पाठ्यक्रमको व्यवस्था हुनुपर्छ । साथै पठन-पाठन गराउने शिक्षकपनि यसै विषयको विज्ञ हुनु जरुरी हुन्छ । त्यसैगरी निर्माण व्यवसायी, सेवाप्रदायक परामर्शदाता र Employer का जनशक्ति को साथै कामदारहरु लाई OHS सँग सम्बन्धित उपयुक्त किसिमको तालिमहरु दिई शिक्षित गर्नुपर्ने । उनीहरुको काम र कर्तव्य सम्बन्धी ज्ञान दिइनुपर्ने । त्यसैगरी तालिम र विभिन्न प्रकारले सीप विकास गराई नागरिक सचेतना गर्ने र उत्प्रेरित गर्नुपर्ने ।

ख) दोश्रो तह : कार्यान्वयन (Implementation)

शिक्षा, तालिम, सचेतना र उत्प्रेरणाको अभावमा OHSM कार्यान्वयन गर्न/गराउन धेरै कठिन हुन्छ र कार्यान्वयन भएपनि प्रभावकारी र उत्पादन मूलक हुँदैन । त्यसैले माथि पहिलो तहमा प्रस्ताव गरिए अनुसारको शिक्षा, तालिम, सचेतना र उत्प्रेरणाका को तरिकाले लक्षित समूहलाई सक्षम बनाईसके पश्चात् कार्यान्वयन तहको भूमिका अहम हुन आउँछ ।

कुनै पनि प्रणाली राम्ररी उपयुक्त र प्रभावकारी किसिमले कार्यान्वयनको लागि उपयुक्त योजना हुन जरुरी छ र सबभन्दा महत्वपूर्ण कुरा सोही अनुसारको बजेट व्यवस्था र कानूनी तथा अन्य प्रावधानहरु पनि त्यतिकै आवश्यक छ ।

विकसित मूलुकहरुमा OHSMS अन्तर्गत Data Base राख्ने, दुर्घटना/Data Analysis गर्ने उपयुक्त विधिहरु अपनाउने, feedback (सुझावहरु) प्रदान गर्ने आदि कार्यहरु गरिन्छ । सरकारले OHS सँग सम्बन्धित विभिन्न कार्यहरु आफ्नै कार्यकारी निकाय वा परामर्शदाता वा अन्य संस्थाद्वारा गर्ने/गराउने गर्दछ । खास गरिकन यहाँ निर्माण स्थल/काम स्थलमा OHS को कुरा गर्दा निर्माण व्यवसायी मार्फत गराउनुपर्ने हुन्छ र त्यसैले Contract मा उपयुक्त प्रावधानहरु राख्नुहुदा Tender document तयार गरिँदा निम्न कुराहरुमा अनिवार्य रुपमा समावेश गराउने ।

a) पर्याप्त बजेट (amount) को व्यवस्था
b) Health and safety Management Plan
c) Contractor's personnel को list मा HS Engineer/Officer/Inspector -Contract को size अनुसार) को हुनुपर्ने अनिवार्यता
d) HS सँग सम्बन्धित आवश्यक बीमा को प्रावधान र चाहिने रकमको प्रावधान
e) त्यसैगरी Consultant's personnel को list मा (c) को जस्तै प्रावधान
f) Motivation को लागि Training र Awareness को व्यवस्था
g) विभिन्न किसिमको reward को व्यवस्था जस्तै best complier among the workers, contractors, etc
h) अवलोकन भ्रमण को व्यवस्था

Standard Bid Document तयार पार्ने जिम्मा सार्वजनिक खरीद अनुगमन कार्यालय (PPMO) को भएकोले उपरोक्त प्रावधानहरु टेण्डर डकुमेन्टमा समावेश गर्नको लागि उसलाई आवश्यक निर्देशन दिईनुपर्ने ।

ग) तेश्रो तह : अनुगमनतथामूल्याङ्कन र पृष्ठपोषण (Monitoring, Evaluation (M&E) and Feedback)

योजना तथा यसको कार्यान्वयनको प्रभावकारिता र यसबाट भएको उपलब्धिको आंकलन गर्न, अनुगमन र मूल्याङ्कनको साथै पृष्ठपोषण तहको भूमिका निर्वाद रुपमा अहम छ । सक्षम र प्रभावकारी रुपमा कार्यान्वयन गर्न/गराउन पनि अनुगमन तथा मूल्याङ्कन उपयुक्त र प्रशस्त मात्रामा हुनु पर्दछ । यसबाट योजना वा कार्यान्वयनमा अवस्थित त्रुटिहरु र तीनका सुधारका उपायहरु बेलैमा आउन सक्छ र भविष्यमा आउने योजनाहरुको लागि पनि lesson learnt को रुपमा समावेश गर्न सकिन्छ ।

सरकारी संयन्त्रमा Employer/Client बाट हुने अनुगमन तथा मूल्याङ्कन तीन तहमा गर्नुपर्ने :
१) योजना स्तर
२) विभाग स्तर
३) मन्त्रालय स्तर

यसरी तीन तहमा हुने M&E को Framework समय सहितको बनाई OHSM को अनुगमन तथा मूल्याङ्कन गर्नु पर्दछ ।

निर्माण व्यवसायी बाट Contract मा OHSM Plan तयार पारी पेश भई Consultant र employer बाट स्वीकृत गराउनुपर्ने । यस plan अनुसार निर्माण कार्य गर्दा provision हरु contract अनुसार पालना भएको/नभएको सुपरिभिजन गर्ने consultant ले monitoring गर्नुपर्छ । Comply नभएको खण्डमा contract को प्रावधानअनुसार रकमलाई सुरक्षणको रुपमा Withhold वा deduct गर्ने वा दुईटै गर्ने । साथै OHS सुपरभाइजरले आफ्नो दायित्वपालना गरे/नगरेको पनि employer/ consultant बाट M&E हुनुपर्दछ । दायित्व पालना नगरेको खण्डमा विद्यमान् ऐन/नियममा भएको प्रावधान अनुसार कारबाही गर्ने र उत्कृष्ट काम गर्नेलाई पुरस्कृत गर्ने व्यवस्था गर्ने गराउने ।

M&E बाट आएका सुझावहरु वर्तमान् योजनामा लागु गर्न सकिन्छ भने गर्ने वा Lesson को रुपमा भविष्यमा आउने योजनाहरुमा सुधारमूलक रुपमा समावेश गरी डिजाइन गर्ने गराउने ।